बारबर्दिया नगरपालिका

स्थानीय राजपत्र

खण्ड: ७ संख्या: २ प्रमाणिकरण:२०८०।१०।१०

प्रकाशन मिति: २०८०।१०।१०

# भाग-१

## बारबर्दिया नगरपालिका

### नगर खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८०

प्रस्तावना :

खानेपानीका स्रोत तथा मुहानको संरक्षण, स्वच्छ, सुरक्षित र गुणंस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति, तथा खानेपानीको दिगो उपयोग गरी खानेपानी र सरसफाइ उपभोक्ता संस्था तथा अन्य माध्यमद्वारा सहज र दिगो रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउन र फोहरमैलावाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ले दिएको अधिकार प्रयोग गरी (२)बारबर्दिया नगरपालिकाबाट यो ऐन बनाई लागु गरिएको छ ।

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय गुलरिया, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस ऐनको नाम "बारबर्दिया नगर खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अनुमतिपत्र"** भन्नाले दफा २७ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी .सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाः प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ ।

(ङ) **"उपभोक्ता संस्था"** भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायीक संस्था सम्झनुपर्छ।

(च) "कुण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, वाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाडो समेतलाई जनाउछ ।

(छ) "कार्यपालिका" भन्नाले बारबर्दिया नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ज) "कार्य समिति" भन्नाले दफा १८ बमोजिम साधारणसभाबाट गठन भएको खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(झ) "कोष" भन्नाले दफा ५० बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सम्झनु पर्छ।

(ञ) **"खानेपानी सेवा"** भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु,सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा वोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(ट) **"खानेपानीको सार्वजनिक उपयोग"** भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(ठ) **"खानेपानीको संस्थागत उपयोग"** भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन वाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

नगर प्रमुख

नगरकार्यपालिकाको कार्यालय
बारबर्दिया
लुम्बिनी प्रदेश, नेपाल

(ड) "गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँछ ।

(ढ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछं ।

(ण) "ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(त) "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा नगरपालिकाले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(थ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) "दिगो उपयोग" भन्नाले खानेपानी, जलस्रोत, जलिय पारिस्थितीकिय प्रणाली र यीनका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहनसक्ने तथा दीर्घकालिन रुपमा संचितिकायम गर्न सक्ने सीमा भित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ध) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका सम्झनु पर्छ ।

(न) "निर्देशक समिति" भन्नाले दफा ७८ बमोजिमको एकजल निर्देशक समिति सम्झनु पर्छ ।

(प) "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(फ) "पानीको स्रोत वा खानेपानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, जरहि नाला, ताल, तलाउ, पोखरी, सिमसार, इनार, कुवा, कुंडा, मुहान तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचना समेतलाई जनाउँछ ।

(व) "प्रदूषण" भन्नाले खानेपानीको स्रोत, जलस्रोत वा वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुयाउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(भ) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

(म) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय गुलरिया, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

CamScanner

(य) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(र): "फोहरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहरपानी सँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(ल) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्यास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नगरपालिकाले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउछ ।

(व) "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

(श) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर-घर, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसरबाटसङ्कलन गर्ने,सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उकाई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

(ष) "सङ्कलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न स्थानीय निकायले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहरमैला सङ्कलन गर्न आउने स्थानीय निकायले तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउछ ।

(स) "सरसफाइ सेवा" भन्नाले फोहोरपानी व्यवस्थापन, मानव मलमुत्र फोहर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ ।

(ह) "समन्वय समिति" भन्नाले नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ ।

(क्ष) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम

नगर प्रमुख

बारबर्दिया नगरपालिका
नगरपालिकाको कार्यालय
बारबर्दिया
प्रदेश, नेपाल

CamScanner

गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ ।

(त्र) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क,प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने:हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ज्ञ) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनि, सहकारी संस्थालाई जनाउँछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति, वा निकायसमेतलाई जनाउँछ ।

(क) "सामाजिक ब्यवहार परिवर्तन" भन्नाले पानीको उत्पादनशिल र बहु उपयोग, जल सुरक्षा, प्रदुषण न्यूनिकरण, स्वच्छता तथा जलस्रोत ब्यवस्थापनका साथै आयोजनाको दिगोपना लागि आवश्यक व्यक्तिगत, घरधुरी र समुदायले अवलम्वन गपर्ने सामान्य हितकर ब्यवहार सम्झनु पर्छ।

(कख) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(कग) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा तथा स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(कघ) सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन र ब्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ ।

(कङ) "शौचालय" मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँछ ।

(कच) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुच्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

नगर प्रमुख

## परिच्छेद- २

# खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणाली सम्बन्धी व्यवस्था

३.खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार :

(१) नगरपालिकावासी प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत नगरवासि प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) स्वच्छ खानेपानी तथा सरसफाइमा भेदभाव रहित नियमित रुपमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार,

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, कार्यान्वयन र परिपूर्ति गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र सम्बन्धित खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्धन, कार्यान्वयन र परिपूर्ति गर्न नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

४.पानीको स्रोतमा अधिकार : (१) नेपालमा रहेको जलस्रोतमा स्वामित्व र अधिकार नेपाल राज्यमा निहित रहने छ।

(२) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

(३) घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोग सँग सम्बन्धित सिँचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(४) कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(५) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, वस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(६) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असरपर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको साधारणसभाको पच्चहत्तर प्रतिशत (७५ %) बाट लिखित पूर्व सहमति लिनु पर्नेछ ।

नगर प्रमुख

(७) कुनै विकास परियोजना वा आयोजनाका कारण खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्था वा समुदायलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकारले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको पूर्व सहमति लिनु पर्नेछ ।

**५.पानीको स्रोत तथा मुहानको संरक्षण :** (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) नगरपालिकामा रहेका खानेपानीको स्रोत, मुहान, जरहि नाला तथा जुडपानिको संरक्षणका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय वमोजिमका कार्यहरु गर्नु पर्नेछ :-

(क) जलाधार, पानी निश्रृत भएर आउने मुलाधार, सिमसार जस्ता खानेपानीको श्रोत र वन क्षेत्र संरक्षण गरी वाढी, पहिरो नियन्त्रण गर्ने र खानेपानीको मूल वा मुहान, नदि नालालाई दिगो वनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनवाट वचाउने,

(ग) खानेपानीको संरक्षण र समुचित उपयोगका वारेमा खानेपानी उपभोक्ता वा सम्वन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, जरहि नाला, जुडपानि वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागि नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(ङ) खानेपानीको महान, जरहि नाला वा बहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(च) खानेपानीको स्रोत, जरहि नाला र वहाव प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(३) नगरपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी नगरपालिका, राष्ट्रिय निकुञ्ज वा मध्यवर्ति क्षेत्रमा रहेको मुहान, स्रोत, जरहि नाला वा जुडपानिबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानपानीको मूहान, स्रोत जरहि नाला तथा जुडपानिको संरक्षणका लागि सम्बन्धित स्थानीय तह, राष्ट्रिय निकुञ्ज वा मध्यवर्ति क्षेत्रसँग समन्वय गर्नु पर्नेछ ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफनो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन

नगर प्रमुख

**६. नगरवासीको कर्तब्य :** खानेपानीका स्रोत तथा मुहानको संरक्षण, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति, तथा खानेपानीको दिगो उपयोगमा योगदानका लागि प्रत्येक नगरवासीको देहाय बमोजिमको कर्तव्य हुनेछ :-

(क) खानेपानीको स्रोत तथा मुहानको संरक्षण र दिगो उपयोग गर्ने, गराउने ।

(ख) खानेपानीको स्रोत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्षती वा प्रदुषण हुन सक्ने चरीचरण लगायतका कृयाकलाप नगर्ने र अरुलाई पनि निरुत्साहित गर्ने ।

(ग) खानेपानीको स्रोतलाई प्रदुषण हुनबाट बचाउने, प्रदुषणको रोकथाम र नियन्त्रण गर्ने

(घ) खानेपानीको स्रोत, पाइप, इन्टेक, जलाशय (रिजरभायर), ट्याकिं तथा अन्य संरचनाको संरक्षण र सुरक्षा गर्ने,

(ङ) खानेपानीको महसुल समयमा बुझाउने र संञ्चालन तथा मर्मत सम्भारकोषमा सक्दो योगदान वर्षेनी दिने,

(च) खेर गएको पानीको आवश्यकता अनुसार बहु उपयोग गर्ने,

(छ) खानेपानीको स्रोत र कुलोको मूल, मुहान वा डीलमा पशु, पंक्षी, कुखुरा, बँगुर लगायत अन्य पशुपालन नगर्ने नगराउने ।

**७. फोहरपानीको व्यवस्थापन्न :** (१) नगरपालिकाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र रहितको फोहरपानी र फोहरपानीसँग मिसिएर आउने वर्षात वा आकाशे पानीको व्यवस्थापन गर्न समयसापेक्ष योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको फोहोरपानीको व्यवस्थापन गर्न तर्जुमा तथा कार्यान्वयन गर्ने योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. समुदायमा आधारीत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धमा नगरपालिकाको जिम्मेवारी** उपभोक्ता संस्थालाई सहज तथा दिगो रुपमा स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउन सक्षम र सवल बनाउन नगरपालिकाले देहाय बमोजिमका कार्य गर्न गराउन सक्नेछ :-

(क) खानेपानीको स्रोत, मूल वा मुहान, जरहि नाला, ताल, तलाउ पोखरी, तथा सिमसारको संरक्षण र दिगो उपयोग गर्ने, गराउने,

(ख) पानीका स्रोतहरु संरक्षणका लागि संरक्षण तथा पुर्नभरण पोखरी, बृक्षारोपण, जैविक तटबन्धनका क्रियाकलापहरु सञ्चालन गर्ने र संरक्षणको आवश्यकता भएका संवेदनशिल जलाधार तथा मुलाधार क्षेत्रको उपल्लो वा माथिल्लो तटिय क्षेत्रमा खुल्ला चरिचरनमा रोक लगाउनुका साथै भुव्यवस्थापन र वन क्षेत्र विस्तार र विकासमा जोड दिने,

नगर प्रमुख

(ग) स्रोत संरक्षणका क्रियाकलापहरुलाई दिगो हिसावले सञ्चालन गर्न वातावरणीय सेवा भुक्तानीको अवधारणलाई कार्यान्वयन गर्ने, गराउने,

(घ) खानेपानीको श्रोलाई प्रदुषण हुनबाट बचाउने, र प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्नुका साथै पानीको स्रोतको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन गर्न, फयाक्न वा निष्कासन प्रतिवन्ध गर्ने,

(ङ) खानेपानीको पाईप, ईन्टेक, जलाशय (रिजरभायर), ट्याकि तथा अन्य संरचना र उपकरणको संरक्षण गर्ने तथा खानेपानीको स्रोत, पाईप, ईन्टेक, जलाशय तथा अन्य संरचनालाई क्षति वा प्रदुषण हुने गरी कुनै पनि किसिमका भौतिक संरचना निर्माण गर्न प्रतिवन्ध लगाउने,

(च) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने र वर्षमा कम्तिमा दुई पटक खानेपानीको स्किमको पानीको गुणस्तरको परिक्षण, जांच गर्ने, गराउने, तथा कम्तिमा वर्षमा दुई पटक नलकाको पानिको आर्सेनिक परिक्षण गर्ने, गराउने,

(छ) खानेपानीको आयोजना वा स्किमको सञ्चालन तथा मर्मत सम्भार (अप्रेसन र मेनटेनेन्स) कोषमा अनुदान दिने,

(ज) पानीको बहुउपयोग गरि अन्य आयमुलक कार्यहरु गर्ने,

(झ) खानेपानी सरसफाई तथा स्वच्छता संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्ने र सेवा र सुविधा प्रदान गर्ने,

(ञ) खानेपानी निश्रृत हुने क्षेत्र र खानेपानीको स्रोत लगायत मूल वा मुहानमा र सोको वरपर, आसपासमा ढुङ्गा गिट्टी, माटो, वालुवा निकाल्न वा ओसार पसार गर्न वा खनिज पद्धार्थको अन्वेषण वा उत्खनन नियन्त्रण वा प्रतिबन्ध गर्ने,

(ट) खानेपानीको स्रोत वा मुहानको निश्चित दुरीमा नाफामुलक व्यवसायिक रुपमा पशुपक्षी पालन प्रतिवन्ध गर्ने,

(ठ) उपभोक्ता संस्थाको क्षमता अभिबृद्धि गर्न तालिम, गोष्ठिको संचालन गर्ने गराउने,र उत्कृष्ट काम गर्ने उपभोक्ता संस्था र मर्मत सम्भार कार्यकर्तालाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गर्ने, र

(ड) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउनका लागि नगरपालिकाले उपभोक्ता संस्थालाई आवश्यक अन्य सहयोग उपलब्ध गराउने ।

९. जलस्रोत तथा साधनको दिगो उपयोग गर्नु पर्ने : प्रत्येक व्यक्ति, संगठित संस्था वा नगरपालिकाले जलस्रोत तथा साधनको दिगो उपयोग सुनिश्चित गर्न देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) जलस्रोतको गुणस्तर कायम राखे र निरन्तर प्रवाह वा आपूर्ती समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने,

(ख) जलस्रोत तथा जलीय पारिस्थितीक प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता लगायत अन्य क्षमता अभिवृद्धी गर्ने,

नगर प्रमुख

(ग) जलस्रोत र पारिस्थितिकीय कार्य, सेवा तथा वस्तुहरुले दिगो रुपमा वातावरणीय स्रोत र पारिस्थितिकिय सेवा र वस्तुहरु प्रदान गर्न सक्ने क्षमता कायम हुने गरी दिगो उपयोग गर्ने, गराउने,

(घ) जलस्रोत र जलीय जैविक विविधताको स्वास्थ्य र स्वस्थता कायम राख्न त्यस्ता स्रोतको धान्न सक्ने तथा पुनर्नवीकरण वा पूर्नउत्पादन हुन सक्ने क्षमता वा सिमा भित्र रही दिगो उपयोग गर्ने, गराउने ।

**१०. जलस्रोत संरक्षण योजना तर्जुमा गर्ने** : (१) जलस्रोतको संरक्षण, दीगो उपयोग तथा स्वच्छ र स्वस्थ जल वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उदेश्यले नगरपालिकाले जलस्रोत संरक्षण योजना तर्जुमा र कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जलस्रोत संरक्षण योजनामा देहाय बमोजिमका विषयवस्तु समावेश गनु पर्नेछ :-

(क) यस ऐनको उद्देश्य प्राप्तिका लागि उपयुक्त सिद्धान्त तथा नीतिहरु उल्लेख गर्ने,

(ख) नगरपालिकाको जलस्रोतको स्थिति (State of Water sesources) र अवस्थाको लेखाजोखा गर्ने,

(ग) नगरपालिकाको जलस्रोतको वर्तमान र भविष्यमा हुन सक्ने क्षति वा ह्रासको जोखिमको पहिचान तथा लेखाजोखा गर्ने,

(घ) नगरपालिकाको जलस्रोतको स्थिति र अवस्थाको समय समयमा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था समावेश गर्ने,

(ङ) जलस्रोतको प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धको संरक्षण तथा व्यवस्थापनका विभिन्न पक्ष वा आयाम,

(च) स्वच्छ र स्वस्थ जलस्रोत भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका लागि अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धका उपाय,

(छ) जलिय पर्यावरणीय कार्यहरु (इस्पेसिफिक इकोलोजिकल फङसन) र अन्य पर्यावरणीय अवयव (Kamponents) हरुको संरक्षण र सम्र्वद्धनका उपाय,

(ज) भौतिक विकास सम्बन्धी निर्णय प्रक्रियाहरुमा स्वच्छ र स्वस्थ जलिय वातावरण कायम गर्न आवश्यक दीर्घकालिन तथा अल्पकालिन आर्थिक, वातावरणीय, सामाजिक एवं समन्यायिक पक्षहरुको मूलप्रवाहीकरण,

(झ) वर्तमान पुस्ताले भावी सन्ततिको लाभका लागि जलस्रोत तथा जलिय वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न अपनाउनु पर्ने उपाय,

(ञ) सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले जलस्रोत तथा जलिय पारिस्थितिकिय प्रणालीको विविधतामा पुर्याउन सक्ने सम्भावित उल्लेखनीय क्षतिका रोकथाम तथा न्यूनिकरणका पक्ष,

नगर प्रमुख

(ट) जलिय तथा जलाधारको प्रदुषणको रोकथाम तथा नियन्त्रणका विभिन्न पक्ष वा आयाम,

(ठ) जलस्रोत तथा जलिय पारिस्थितिकिय प्रणालीको संरक्षण, संम्वरद्धन, दिगो उपयोग र जलस्रोत तथा जलिय पारिस्थितिकिय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास, र

(ड) जलस्रोत संरक्षण योजनामा समावेश गर्नु पर्ने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

**११. खानेपानी तथा सरसफाइ प्रणाली :** (१) नगरपालिकाले उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवाको सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।

(२)भौगोलिक जटिलता, बढी लागत वा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष मानव संशाधनको आवश्यकता पर्ने भई नगरपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न वा विकास साझेदारको सहयोग स्वीकार गर्न सक्नेछ ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नु पर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका, सहलगानीका वा बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिस्पर्धाका आधारमा निर्माण व्यावसायी छनौट गर्न सकिनेछ ।

(४) नगरपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नगरवासीलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकार वा संघ संस्था सँग समेत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(५) कुनै उपभोक्ता संस्थाले नगरपालिका सहित अन्य स्थानीय तहको क्षेत्रमा समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्ति गरेको रहेछ भने उक्त उपभोक्ता संस्थालाई दुवै तथा सम्बन्धित सबै स्थानीय तहले सहयोग गर्न सक्नेछ ।

(६) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफनो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(७) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधीका लागि उपभोक्तालाई टयाङ्कर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपलव्ध गराउनु पर्नेछ ।

(८) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी,

नगर प्रमुख

लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासो सुनुवाई संयन्त्र जस्ता आधारभूत जानकारीहरु बारे सूचनापाटी तयार गरी सार्वजनिक स्थलमा राख्नु पर्नेछ ।

१२. खानेपानी आयोजना र संरचनाको हस्तान्त्रणः (१) नगरपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरु उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद- ३

## समुदायमा आधारित खानेपानी, सरसफाइ र स्वच्छता सेवा सम्बन्धी व्यवस्थाः

१३. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन : (१) नगरपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र वहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ताहरुको भेलाबाट उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ

(३) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्ने गरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(४) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलश्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाई तथा स्वच्छता उपभोक्ता संस्था, समूह, वा समिति मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरुले यो ऐन लागु भए पश्चात् नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु वा हुनु पर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन ।

(५) उपदफा (४) को प्रयोजनका लागि जिल्ला जलश्रोत समितिले आफनो कार्यालयमा दर्ता रहेका तर यस नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी भित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्रमा नगरपालिकामा हस्तान्तरण गर्नु पर्नेछ ।

नगर प्रमुख

(६) नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले नगरपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्रमा नगरपालिकामा अभिलेखको रुपमा राखका लागि उपलब्ध गर्नेछ ।

(७) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्रमा आफनो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**१४. खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाको गठन तथा दर्ता प्रकृया :** १) उपभोक्ताहरू वा समुदायका सदस्यहरुले नगरपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस तथा उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णय सहित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन गर्नका लागि लिखित निवेदन दिनु पर्नेछ । उपभोक्ता संस्था गठन गर्दा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गर्नका लागि निवेदन दिँदा खानेपानीको स्रोत वा मुहानको समेत दर्ता गर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्ने र उपभोक्ता संस्था दर्ता गर्दा उक्त उपभोक्ता संस्थाको नाममा निवेदनमा उल्लेख भए वमोजिमको खानेपानीका स्रोत वा मुहान त्यस अघि कुनै उपभोक्ता संस्था वा संगठित संस्थाको नाममा दर्ता भएको छैन भने कार्यपालिकाको कार्यालयले निवेदक उपभोक्ता संस्थाको नाममा दर्ता गरी दिनु पर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपभोक्ता संस्था गठन गर्नका लागि यथाशक्य चौडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नगरपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई उपभोक्ता संस्था गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । उपभोक्ता संस्थाहरुको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा १५ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाको गठन गरिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक उपभोक्ता संस्था गठन गरी उपभोक्ता संस्थाको विधान सहित अनुसूची-१ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा उपभोक्ता संस्थाको दर्ता गराउन समूह भेला गराई उक्त भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक व्यक्तिको सहिछाप सहित दरखास्त दिनु पर्नेछ

नगर प्रमुख

(६) उपदफा (५) बमोजिमको दरखास्त दिने उपभोक्ता संस्था त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम् प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो उपभोक्ता संस्थालाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकिदिएको शर्तहरु पालन गर्न कवूलियतनामा गराई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

१५. उपभोक्ता संस्थाको विधान : उपभोक्ता संस्थाको विधानमा देहाय वमोजिमका व्यवस्थाहरु समावेश गर्नु पर्नेछ :-

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, उद्देश्य, कार्यहरु, कार्यक्षेत्र र स्रोत,

(ख) उपभोक्ता संस्थाले सहज र दिगो रुपमा -स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्वन्धी सेवा कुनै पनि प्रकारको भेदभाव रहित तवरले उपलब्ध गराउन अपनाउने उद्धेश्य र सञ्चालन गर्ने कार्यहरु सम्वन्धी व्यवस्था,

(ग) खानेपानीको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ति समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा,

(घ) खानेपानीको स्रोतको संरक्षण र दिगो उपयोग, प्रदुषणको रोकथाम तथा नियन्त्रण र खानेपानीको स्रोत, मूल वा मुहानको जलग्रहण (क्याचमेन्ट) क्षेत्रको संरक्षण, सुधार र सुरक्षा सम्वन्धी व्यवस्था,

(ङ) खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री संरचना निर्माण गर्ने तथा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री तवरले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा र सुविधा प्रदान गर्ने सम्वन्धी व्यवस्था,

(च). पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन र खेर गएको पानीको वा अन्य पानीको वहु उपयोग सम्वन्धी व्यवस्था,

(छ) प्रस्तावित उपभोक्ता संस्थामा समूहका एकल महिला, अपाङ्ग, वालवालिका, दलित, आदिवासी जनजाति, पिछडिएको वर्ग र विपन्न घरधुरी सदस्यका लागि समन्यायिक पहुँच, दिगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सम्वन्धी प्रावधान,

(ज) एकल महिला, अपाङ्ग दलित, आदिवासी जनजाति र विपन्न घरधुरीका सदस्यलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(झ) उपभोक्ता संस्थाको सदस्यता, सदस्यता प्राप्ति सम्वन्धी व्यवस्था, सदस्यता शुल्क, सदस्यता शुल्क छुट र सदस्यता समाप्ती सम्वन्धी व्यवस्था,

(ञ) उपभोक्ता संस्थाको सदस्यता प्रदान गर्दा एकल महिला, अपाङ्ग, सिमान्तकृत तथा बिपन्न घरधुरि तथा युवालाई प्राथमिकता दिने सम्वन्धी व्यवस्था,

(ट) वार्षिक साधारणसभा, विशेष साधारणसभा तथा साधारणसभाका काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था,

नगर प्रमुख

(ठ) कार्य समितिको गठन, कार्य समितिका प्रमुख पदहरुमा महिला, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी तथा युवाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(ड) कार्य समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य तथा अधिकार, कार्य समितिको बैठक र कार्यविधि, कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(ढ) अविश्वासको प्रस्ताव,

(ण) खानेपानीको पाईप जडान, सेवा शुल्क, विलम्व महशुल निर्धारण र संकलन सम्बन्धी व्यवस्था,

(त) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण,

(थ) हेरालु र ग्रामिण मर्मत सम्भार कार्यकर्ता तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्था,

(द) खानेपानीको आयोजना वा स्किमको संचालन तथा मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था,

(ध) निर्वाचन सम्बन्धी व्यवस्था,

(न) विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने जस्ता विविध व्यवस्था,

(प) विधान विपरित काम गर्ने उपभोक्ता संस्थाका सदस्यहरुलाई दिईने सजाय र उपभोक्ता संस्थाका सदस्यलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि,

(फ) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

(२) उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

**१६. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था संगठित संस्था हुने :** १) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**१७. लैङ्गिक समानता, सामाजिक समावेशीता तथा समन्याय कायम गर्ने :** (१) उपभोक्ता संस्थाको कार्य समिति नौ सदस्यीय भएमा कार्य समितिका सदस्य मध्ये कम्तिमा पाँच सदस्य, र कार्य समिति एघार सदस्यीय भएमा कार्य समितिका सदस्य मध्ये कम्तिमा छ सदस्य तथा कार्य समिति तेह्र सदस्यीय भएमा कार्य समितिका सदस्य मध्ये कम्तिमा सात सदस्य लैगिंक समानता तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित वा आदिवासी जनजाति समुदायबाट हुनु पर्नेछ

(२) कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिव, पद मध्ये कुनै तीन पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

नगर प्रमुख

(३) उपभोक्ता संस्थाले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नका लागि उपभोक्ता संस्थाका महिला, दलित, आदिवासी जनजाति, तथा विपन्न सदस्यलाई खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको व्यवस्थापन र सञ्चालनमा अन्य सदस्य भन्दा कम्तीमा पचास प्रतिशत भन्दा बढी पहुँच दिनु पर्नेछ ।

स्पष्टीकरण : उपदफा (४) को प्रयोजनको लागि "समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण" भन्नाले उपभोक्ता संस्थाका सदस्यहरु मध्ये महिला, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग, असाहाय तथा विपन्न सदस्यलाई अरु सदस्य भन्दा महसुल पुर्ण वा आंशिक मिनाहा गर्ने वा नगद वा श्रम योगदान गर्न पर्दा पनि आंशिक मिनाहा दिने जस्ता उपाय सम्झनु पर्छ ।

१८.उपभोक्ता संस्थाको कार्य समिति : (१) खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा नौ र बढीमा पन्ध्र सदस्यीय हुनेछ र कार्य समिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्र भित्रका विभिन्न जात जातिको प्रतिनिधित्व र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका साथै उपभोक्ता संस्थाको सेवा क्षेत्र भित्रका विभिन्न भौगोलिक क्षेत्रहरुको र जनघनत्वको प्रतिनिधित्वलाई समेत ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्य समितिको कार्यकाल तीन वर्षको हुनेछ ।

(३) कार्य समितिका पदाधिकारीहरु तथा सदस्यहरु दुइ कार्यकाल पछि निरन्तर एकै पदमा बहाल रहन पाउने छैनन ।

(४) उपभोक्ता संस्थाको कार्य समितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारणसभाले मात्र गर्न सक्नेछ ।

(५) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारणसभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखापरीक्षण प्रतिवेदन पारित गर्नु पर्नेछ ।

१९. उपभोक्ता संस्थाको कोष : (१) उपभोक्ता संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सदस्यता शुल्क बाट प्राप्त रकम,

(ख) खानेपानी तथा सरसफाइ सेवा शुल्क,

(ग) जल वातावरण मैत्री उद्यम, पर्यापर्यटन कार्यक्रम वा पारिस्थितिकिय सेवा वापतको भुक्तानी सम्बन्धि अवधारणा र स्किमको कार्यान्वयन तथा संचालनबाट प्राप्त रकम,

(घ) संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै नेपांली नागरिक, यक्ति वा संघ संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

नगर प्रमुख

(च) कुनै विदेशी ब्यक्ति वा अन्तराष्ट्रिय संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(छ) यस ऐनको उल्लघंन भएको अवस्थामा नगरपालिकाले गरेको जरिवानाबाट उठेको रकमको ४० प्रतिशतका दरले प्राप्त रकम,

(ज) उपभभोक्ता संस्थाले यस ऐन वा विधान अन्तर्गत गरेको जरिवानाबाट प्राप्त रकम,

(झ) सामुदायिक वन, मध्यवर्ती क्षेत्र ब्यवस्थापन समिति वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपभोक्ता संस्थाको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(४) उपभोक्ता संस्थाले आफनो कोषमा भएको रकमलाई खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरुसँगको सहलगानीमा खानेपानी, सरसफाइ तथा आयोजना सञ्चालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

**२०. उपभोक्ता संस्थाको कोषको संचालन :** (१) उपभोक्ता संस्थाको कोषमा जम्मा भएको रकम बैंकमा उपभोक्ता संस्थाको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ र सो खाता कोषाध्यक्ष र कार्य समितिले तोकेको दुई जना पदाधिकारी वा सदस्य मध्ये कुनै एक जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ

(२) उपभोक्ता संस्थाको कोषाध्यक्ष पदमा महिला निर्वाचित नभएको अवस्थामा, उपदफा (१) बमोजिम कार्य समितिले दुई जना पदाधिकारी वा सदस्य तोक्दा एक जना महिला पदाधिकारी र एक जना महिला सदस्यलाई तोक्नु पर्नेछ ।

(३) उपभोक्ता संस्थाको कोषको व्यवस्थापन, खाता संचालन तथा संस्थागत विकासका लागि नगरपालिकाले तालिमको ब्यवस्था गर्न सक्नेछ ।

(४) साधारणसभाले प्रत्येक वर्ष लेखापरिक्षक तोक्ने छ र त्यसरी लेखापरिक्षक तोक्दा कुनै लेखापरिक्षण कम्पनीलाई लगातार दुई आर्थिक वर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(५) उपदफा (४) बमोजिमको लेखापरीक्षण उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(६) प्रमूख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता संस्थाले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(७) कोषको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. सदस्यता शुल्क तथा सेवा शुल्क निर्धारण गर्दा ध्यान दिनु पर्ने :** १) उपभोक्ता संस्थाको सदस्यता शूल्क निर्धारण गर्दा उपभोक्ता संस्थाका एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिबासी जनजाति तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम मात्र तोक्नु पर्नेछ ।

**२२. विधानमा संशोधन :** (१) उपभोक्ता संस्थाको विधानको संशोधन गर्नु पर्ने भएमा उपभोक्ता संस्थाले

नगर प्रमुख

संशोधन सम्बन्धि प्रस्ताव उपभोक्ता संस्थाको साधारणसभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित भए पछि सो बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाले विधानमा गरेको संशोधनले उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन र व्यवस्थापन, खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी, तथा सिमसार, वा जलस्रोत तथा जलिय पारिस्थितीकिय प्रणालीमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिन भित्र उपभोक्ता संस्थालाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

**२३. उपभोक्ता संस्था खारेज गर्न सकिने :** (१) उपभोक्ता संस्थाले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा जलस्रोतको गुणस्तर कायम राख्न नसकेमा र खानेपानीका मुहान तथा स्रोत संरक्षण नगरेमा वा खानेपानीका मुहान तथा स्रोतमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अन्र्तगत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा नगरपालिकाले त्यस्तो उपभोक्तासंस्थाको दर्ता खारेज गर्न र त्यस्तो खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाको दर्ता खारेज गरी खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएको उपभोक्ता संस्थाका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र उपभोक्ता संस्थाको विधानको पूर्णतः पालना गर्ने कागज गराई उपभोक्ता संस्थाको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता संस्थाको कार्य समितिका पदाधिकारी वा सदस्यहरुले उपभोक्ता संस्थाको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अन्र्तगत बनेको नियमावली वा उपभोक्ता संस्थाको विधान बिपरीत कुनै काम कारबाही गरेको भनी उपभोक्ता संस्थाको वा अरु कसैको उजुरी परी कसुर प्रमाणित भएमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा पच्चिस प्रतिशत थप जरिवाना हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई उपभोक्ता संस्थालाई निरन्तरता प्रदान गरेकोमा सो उपभोक्ता संस्थाले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा नगरपालिकाले निर्णय गरी उपभोक्ता संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता संस्थाका पदाधिकारीहरुले उपभोक्ता संस्थाको हितको नाममा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा यस ऐन वा नियमावली

नगर प्रमुख

अन्तर्गत जारी भएको आदेश वा विधान विपरित कुनै काम कारवाही गरेमा निजलाई यस ऐन बमोजिम जरिवाना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२४. दर्ता खारेज नगर्न खानेपानी आयोजना पुनः सुम्पन सकिने : दफा २३ को उपदफा (५) बमोजिम उपभोक्ता संस्थाको दर्ता खारेज भएमा र फिर्ता लिएको खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा दफा ८६ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले उपभोक्ता संस्थाको दर्ता खारेज प्रकृया तत्काल रोकी साविककै उपभोक्ता संस्थालाई खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा पुनः सुम्पन पर्नेछ ।

२५. विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना : (१) खानेपानी आयोजना र संरचना वा खानेपानी सेवामा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता संस्थाले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्थाको सदस्य नभएको व्यक्तिले यस ऐन वा बिधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त उपभोक्ता संस्थाको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

## परिच्छेद- ४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२६. अनुमतिपत्र लिनु पर्ने : (१) नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा नगर कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कग सम्बन्धी अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

नगर प्रमुख

CamScanner

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

२७. अनुमतिपत्र दिनु पर्नेः १) दफा २६ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफनो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक कम्पनी, उद्योग वा संस्थालाई मनासिव शुल्क लिई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा ट्याङ्कर वा बोतलबन्दी जस्ता नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी उपलव्ध गराउन वा कम्पनि, उद्योग, कलकारखाना संचालन गर्न अनुमतिपत्र विदा मनासिव रोरयल्टि लिन पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा नगरपालिकाले बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सक्नेछ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाको अनुममतिपत्रको अवधी समाप्त हुने वर्ष अनुमतिपत्र प्राप्त संस्थाले उक्त खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था नभएको अवस्थामा उपभोक्ता संस्था स्थापत्ता गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ

(५) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

२८. अनुमतिपत्र प्रदान नगरिने : (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार नगरपालिकाले अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सक्नेछ

नगर प्रमुख

CamScanner

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालनं गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

२९. अनुमतिपत्र खारेज : (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी, उद्योग वा संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि नगरपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद- ५
## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

३०. खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु पर्ने : (१) सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा सहज उपलब्ध-गराउन नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र जलउपयोग गुरुयोजना तयार गरी कार्यान्वय गर्न सक्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(४) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

नगर प्रमुख

नगरपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नु पर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपुर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ ।

**३१.धारा तथा मिटर जडान :** (१) खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

**३२. ढल निकास सेवा सञ्चालन :** (१) यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निष्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्तावाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

**३३.सेवा बन्द गर्न सक्ने :** (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलव्ध गराउनु पर्नेछ ।

नगर प्रमुख

नगरकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नु पर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपुर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ ।

**३१.धारा तथा मिटर जडान :** (१) खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

**३२. ढल निकास सेवा सञ्चालन :** (१) यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निष्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्तावाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

**३३.सेवा बन्द गर्न सक्ने :** (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमवाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) वमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

नगर प्रमुख

नगरपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल

**३४.निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने :** (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२)उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईपविच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि नगरपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सरसफाइ तथा स्वच्छतासम्वन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

**३५.घर जग्गामा प्रवेश गर्न सक्ने :** (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा नगरपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घर जग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन । तर त्यस्तो कार्यमा संलग्न व्यक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

**३६. सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा :** (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखितः अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

नगर प्रमुख

## परिच्छेद ६
## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

**३७.खानेपानी तथा सरसफाइ महसुल निर्धारण :** (१) उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारणसभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहद हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) नगरपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल नगरपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**३८.महसुल तथा शुल्क लिन सक्ने :** (१)उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता संस्थाले साधारणसभाको निर्धारण बमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपयोग गरे वापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नु पर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क.लिई बन्द भएको सेवा

नगर प्रमुख

नगरकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

पूनः सुचारु गरीदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्तावाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्वन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

३९.मिनाहा वा छुट दिन सक्ने : प्रकोप वा अन्य कुनै विषम परिस्थितीका कारण कुनै खास क्षेत्रका उपभोक्ता, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

४०.असुल उपर गर्न सक्ने : यस ऐन वमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवा उपयोग गरे वापतको महसुल तथा जरिवानाको रकम नवुझाउने उपभोक्तावाट सम्वन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून वमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद- ७

## खानेपानी तथा सरसफाइको गुणस्तर मापवण्ड सम्वन्धी व्यवस्था

४१.स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने : १) यस ऐन वमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नु पर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

४२.गुणस्तर मापदण्ड तोक्न सक्ने : (१) खानेपानी तथा सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्वन पालना गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तर भन्दा न्यून नहुने गरी नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्वन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

नगर प्रमुख

(४) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम नगरपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता सस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

**४३.वातावरणीय अध्ययन गर्ने :** खानेपानी तथा सरसफाइ सम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको नगरपालिकाको वातावरण संरक्षण ऐन, २०७७ र वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने भएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानूनी व्यवस्थाको पालना गर्नु पर्नेछ ।

**४४.नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड :** सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र वस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४५.फोहोर पानी प्रशोधन गर्नु पर्ने:** (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र-सहितको फोहोरपानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिध्यै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) संगठित संस्थाले आफुबाट उत्सर्जित फोहोरपानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) नगरपालिकाले आफै वा उपभोक्ता संस्थाले नगरपालिका र अन्य सम्वन्धित निकायको सहयोगमा फोहरपानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**४६.सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :** (१) नगरपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्वन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि नगरपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

(३) नगरपालिकाको भवन निर्माण निर्देशिकामा उल्लेख भए बमोजिमको सेप्टिक टयांकको डिजाइन बमोजिमको वा पानी प्रतिरोधी (Water Seal) तथा न्यूनतम २ खण्डे र १.४ मिटर गहिरो सेप्टि टयांकको

निर्माण गर्नका लागि नगरपालिकाले एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, तथा विपन्न घरधुरिका नगरवासीलाई आंशिक वा पुर्ण अनुदान प्रदान गर्न सक्नेछ ।

(४) नगरपालिकाले आवश्यकता अनुसार नगरपालिकाका हाटबजार, मेला पर्व लाग्ने स्थान र चौकहरु जस्ता सार्वजनिक स्थलहरुमा सार्बजनिक शौचालय निर्माण गरी व्यवस्थापन गर्नेछ ।

**४७. अनुगमन तथा नियमन :** (१) नगरपालिकाले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर र सरसफाइ तथा स्वच्छता सेवाको स्तरका सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

**४८. क्षतिपुर्ति भराई दिन सक्ने :** (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(२) कसैले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुर्‍याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ ।

**४९. संजाल गठन गर्न सक्ने :** (१) नगरपालिकामा दर्ता भई संचालनमा रहेका उपभोक्ता संस्थाहरु मध्येबाट एक उपभोक्ता संस्थालाई एक सदस्य मानी नगर स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संजाल गठन गरी सोही संजालको प्रत्यक्ष रेखदेख, सहयोग र मातहतमा अन्य सम्पुर्ण उपभोक्ता संस्थालाई व्यवस्थीत रुपमा संचालन गर्नका लागि नगरपालिकाले एउटा खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संजाल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नगर स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संजालको काम, कर्तव्य र अधिकार तथा दर्ता सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नगर प्रमुख

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद- ८
## खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सम्बन्धी व्यवस्था

**५०. कोषको स्थापना र सञ्चालन :** (१) खानेपानी तथा सरसफाइ सम्बन्धि मौलिकहकको प्रावधानको कार्यान्वयन, जलाधारको व्यवस्थापन, दिसाजन्य लेदोको व्यवस्थापन, जल प्रदूषणको रोकथाम तथा नियन्त्रण, र जलवायु परिवर्तन व्यवस्थापनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) जलस्रोतको संरक्षण शुल्कबाट प्राप्त रकम,

(ङ) पारिस्थितिकिय सेवा वापतको भूक्तानी सम्बन्धि कार्यक्रम वा परियोजनाको संचालनबाट प्राप्त रकम,

(च) यस ऐनको उल्लघंन भएको अवस्थामा नगरपालिकाकाले गरेको जरिवानाबाट उठेको रकमको ६० प्रतिशतका दरले प्राप्त रकम, र

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५१. खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समितिको गठन :** (१) कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख अध्यक्ष

(ख) नगरपालिकाको उपप्रमुख उपाध्यक्ष

(ग) सामाजिक विकास समितिको अध्यक्ष वा सदस्य संयोजक सदस्य

(घ) वडा अध्यक्षहरु मध्येबाट नगरकार्यपालिकाले सदस्य समावेशी रुपमा तोकेको दुईजना वडा अध्यक्ष सदस्य

(ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाका दुईजना सदस्य महिला सदस्य

(च) खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सदस्य नगरपालिका क्षेत्रभित्र काम गर्ने संस्थाका प्रतिनिधिहरु मध्ये अध्यक्षबाट मनोनित एक जना

(छ) जलस्रोत, विज्ञान वा वातावरण व्यवस्थापनका सदस्य शिक्षकहरुमध्ये अध्यक्षबाट मनोनित एकजना

नगर प्रमुख

मारवाडिया नगरकार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, नेपाल

महिला सहित दुइजना

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता, जलस्रोत, सदस्य वातावरण र जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये सामाजिक समावेशीताका आधारमा अध्यक्षबाट मनोनित दुई जना

(झ) प्रमुख, शिक्षा शाखा सदस्य

(भ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ट) प्रमुख, स्वास्थ्य शाखा संदस्य

(ठ) प्रमुख, खानेपानी, सरसफाइ र स्वच्छता शाखा सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन हुने सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनयन हुने सदस्यको संस्थाले नीज सञ्चालक समितिमा सदस्य रहँदासम्म प्रस्ताव पेस गर्न वा कुनै किसिमबाट कोषबाट अनुदान सहयोग लिन पाउने छैन ।

(४) उपनियम (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन भएको सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा कार्यपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले कार्यसम्पादन सन्तोषजनक नभएकाले पदबाट हटाइएको सदस्यको हकमा अर्को सहस्यलाई मनोनित गर्दा जुन क्षेत्रको सदस्यलाई हटाईएको छ, सोहि क्षेत्रको सदस्यता मनोनित गर्नु पर्ने छ । यसरि मनोनित सदस्यको कार्यकाल पदबाट हटाईएको सदस्यको बांकी रहेको कार्यकालको लागि मात्र हुन्छ ।

(६) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**५२. कोषको समितिको बैठक:** (१) यस ऐन बमोजिम गर्नु पर्ने काम कोषको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हुनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य-सचिवले कोषको सञ्चालक समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) कुनै सदस्यले उपनियम (३) बमोजिम बैठकमा छलफल हुने विषय सूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त हुनासाथ सदस्य-सचिवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र सो विषय कोषको सञ्चालक समितिको बैठकको कार्यसुचीमा परेको मानिनेछ ।

(५) समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा कोषको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

नगर प्रमुख

शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले अध्यक्षता गर्नेछ । अध्यक्षले गर्नेछ तथा अध्यक्ष र उपाध्यक्ष दुबै जना अनुपस्थित भएक्मासमितिको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ

(७) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) कोषको निर्णयको अभिलेख कोषको सदस्य-सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राखेछ ।

५३.सचिवालय र प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः (१) कोषको सञ्चालक समितिको सचिवालयको काम नगर कार्यपालिकको कार्यालयले गर्नेछ ।

(२) कोषको सञ्चालक समितिको सचिवालयको प्रशासनिक खर्चको लागि आवश्यक पर्ने रकम नगर कार्यपालिकाको कार्यालयको बजेटबाट व्यवस्था गरिनेछ ।

५४. कोषको सञ्चालनः (१) कोषलाई चक्रीय (रिभल्विङ्ग) कोषको रूपमा सञ्चालन गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको कम्तिमा कुनै "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको खाताको सञ्चालन सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५५, कोषको उपयोग : (१) कोषमा जम्मा भएको रकम जल वातावरणको संरक्षण, स्वच्छ र स्वस्थ जलिय वातावरण कायम, जलिय पारिस्थितिकिय प्रणालीको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलाधार वा उपजलाधारको व्यवस्थापन, खानेपानीको स्रोत तथा मुहान को संरक्षण र पारिस्थितिकिय सेवा वापतको भुक्तानीसँग सम्बन्धित विषयमा र देहायका काम वा कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भूमिका खेल्न सक्ने उपभोक्ता संस्थालाई अनुदान प्रदान गर्न वा अन्य संस्थालाई प्रतिस्पर्धात्मक प्रस्तावको आव्हन तथा स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन संचालक समितिले निर्णय गरे बमोजिम उपयोग र खर्च गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका क्षेत्रहरुका साथै देहाय बमोजिमको बिषयवस्तु तथा कार्यक्रम उपयोग र खर्च गरिनेछ :-

(क) जलस्रोतको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने वा गराउने,

(ख) स्वच्छ र स्वस्थ जलस्रोतको भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका लागि अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(ग) जलस्रोत तथा जलिय पारिस्थितीकिय प्रणालीहरुको जिव धान्ने (Life supporting) क्षमता अभिबृदी गर्ने वा गराउने,

(घ) स्वच्छ र स्वस्थ जलस्रोत तथा जलिय वातावरण कायम गर्न, खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी, जलाशय, कुण्ड वा कुवा र सिमसारको संरक्षण तथा प्रवर्दन, जलाधार वा

नगर प्रमुख

कार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल

उपजलाधार व्यवस्थापन, प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ङ) जलस्रोत तथा जलिय पारिस्थिकिय प्रणालीको संरक्षण, सम्वर्धन दीगो उपयोग र जलग्रोत तथा जलिय पारिस्थिकिय स्रोतहरुको उपयोगवाट प्राप्त लाभकोसमन्यायिक वितरणसँग सम्वन्धित परम्परागत र स्थानीय अभ्यास सम्वद्धन गर्ने वा गराउने, वर्तमान पुस्ताले भावी सन्ततीको लाभका लागि जलग्रोत तथा जलिय वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिवृद्धि सुनिश्चित गर्न अपनाउनु पर्ने उपाय, सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रवाट हुने क्रियाकलाप वा निर्णयले जलस्रोत तथा जलिय पारिस्थिकिय प्रणालीको विविधतामा पुच्याउन सक्ने सम्भावित उल्लेखनिय क्षतिका रोकथाम तथा न्यूनिकरणका पक्ष, जल प्रदुषणको रोकथाम तथा नियन्त्रणका विभिन्न पक्ष वा आयामसंग सम्वन्धित कार्यक्रम,

(झ). खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता परेमा सोको अध्ययन गरी आर्थिक सहयोग गर्ने वा गराउने,

(ञ) कोषको रकम खर्च गरिने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले उपयोग गर्दा उपदफा (१) मा उल्लेख भए बमोजिम उपभोक्ता संस्थालाई अनुदान प्रदान गर्न वा प्रस्तावको आव्हन गरी स्वच्छ मूल्यांकनको आधारमा सवैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई मात्र संचालक समितिले प्रतिस्पर्धाका आधारमा मात्र आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-९
## फोहरमैला व्यवस्थापन

५६. फोहरमैला व्यवस्थापन गर्ने दायित्व : (१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) क्नै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापनः गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

नगर प्रमुख

५७. फोहरमैलाको उत्पादन कम गर्ने : (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य

संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

५८. फोहरमैलाको पृथकीकरण : (१) नगरपालिकाले फोहरमैलालाई कम्तीमा जौविक र अजैविक लगायत बिभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुग्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

५९.फोहरमैला सङ्कलन केन्द्र तोक्ने : नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६०.फोहरमैलाको ढुवानी : [१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानीसम्बन्धी कार्यावधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६१. फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग : नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय.प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लाग् गर्न सक्नेछ ।

नगर प्रमुख

कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, नेपाल

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्नेछ ।

६२.फोहरमैला व्यवस्थापन स्थल : (१) नगरपालिकाले आफूनो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गाः नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) नगरपालिकाले र अरु स्थानीय तहलाई एउटै फोहरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तह बीच समन्वय गरी त्यस्तो स्थललाई सम्वन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा दुइ वा दुइ भन्दा वढी स्थानिय तहले फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(४) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्वन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बन्द पश्चात् व्यवस्थापन सम्वन्धी कार्य गर्दा फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

(६) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

६३. अनुमति सम्वन्धी व्यवस्था : १) यस ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैलैला व्यवस्थापन सम्वन्धी काम गर्न वा गराउन सक्ने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने सामुदायिक संघ संस्था वा नाफामुलक कम्पनी, वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ :-

(क) फोहरमैला व्यवस्थापन सम्वन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्वन्धी आवश्यक मानव संसाधन तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर सम्वन्धित नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नगरपालिकाले फोहरमैलाको व्यवस्थापन सम्वन्धी काम गर्न वा गराउन अनुमतिपत्र दिदा सामुदायिक संघसंस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(५) अनुमतिपत्र सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नगर प्रमुख

**६४. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने** : (१) नगरपालिकाले आवश्यकता अनुसार दफा ६३ बमोजिम अनुमतिप्राप्त सामुदायिक वा गैरसरकारी संस्थाद्वारा आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले सामुदायिक संघ, संस्था वा गैरसरकारी संघ, संस्था मार्फत फोहरमैला व्यवस्थापन गराउँदा सामुदायिक संघ, संस्था वा गैरसरकारी संस्थाको आर्थिक तथा प्राविधिक क्षमताको आधारमा देहायका कुनै वा सबै काम गराउन सक्नेछ :-

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला सङ्कलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन, र

(च) बन्द पश्चात् व्यवस्थापन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले जटिल प्रकृतिका फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन, फोहरमैला विसर्जन, र बन्द पश्चात् व्यवस्थापन जस्ता काम नाफामुलक निजी क्षेत्रका कम्पनीबाट समेत गराउन सक्नेछ तथा सामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक निजी क्षेत्रका कम्पनीबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलेलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक निजी क्षेत्रका कम्पनीबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलेलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६५. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने**: (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासंगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**६६. सेवा शुल्क उठाउन सक्ने** : (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा स्थानीय निकायले गर्नेछ ।

नगर प्रमुख

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिकाले आफैं वा निजले तोकेको सामुदायिक संस्था, गैरसरकारी संस्था वा नाफामुलक कम्पनी मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६३, ६४ वा ६५ बमोजिम नगरपालिकाबाट फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको सामुदायिक संस्था, गैरसरकारी संस्था वा नाफामुलक निजी क्षेत्रका कम्पनीले नगरपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ । तर, सेवाप्रदायक सामुदायिक संस्था, गैरसरकारी "संस्था वा कम्पनीले एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, असाहाय तथा विपन्न वर्गलाई सेवा शुहुकमा छुट दिइनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

**६७. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :** (१) नगरपालिकाले दफा ६६ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न दफा ६३, ६४ वा ६५ बमोजिम जिम्मेवारी पाएको वसामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक कम्पनीले दफा ६६ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफो क्षेत्र, नजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी, व्यक्ति, संस्था वा निकाय आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा ६६ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद- १०

## मानव मलमूत्रीय फोहोर ब्यवस्थापन र सामुदायिक सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवस्था

**६८. मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व :** (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

**६९. सरसफाइ योजना तर्जुमा गर्ने :** (१) नगरपालिकाले मानव मलमूत्रीय फोहोर ब्यवस्थापन कार्य सुव्यवस्थित तवरले गर्नका लागि सरसफाइ योजना तर्जुमा गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम सरसफाइ योजना तर्जुमा गर्दा सहभागितामुलक रुपमा तयार गर्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिम तर्जुमा गर्ने सरसफाइ योजनामा समावेश गर्नु पर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ ।

७०. दिसाजन्य लेदो खाली, सङ्कलन र ढुवानीको व्यवस्था गर्ने : (१) कसैले पनी नगरपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक टयाङ्की जस्ता संकलन टयांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानीसम्बन्धी सेवा प्रदान गर्न हुदैन ।

(२) नगरपालिकाले पिट र सेप्टिक टयाङ्की जस्ता संकलन टयांकीबाट दिसाजन्य लेदो खाली गर्न, सङ्कलन वा ढुवानीसम्बन्धी सेवा प्रदान गर्न निजि श्रेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमति प्रदान गर्नेसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) अनुमति प्राप्त सेवा प्रदायकले सङ्कलित दिसाजन्य लेदोलाई नगरपालिकाद्वारा तोकिएको स्थानमा लगेर सुरक्षित रुपमा विसर्जन गर्नु पर्नेछ ।

(५) कसैले पनि अनधिकृत रुपमा पानीको स्रोत र बस्ति जस्ता क्षेत्रमा मानव मलमुत्रीय फोहोर बिसजर्न गर्न हुदैन ।

(६) सेप्टिक टयाकं वा अन्य संकलन टयांकी सफाइ गर्दा सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी उत्कृष्ट अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

(७) अनुमति प्राप्त सेवा प्रदायकले दिसाजन्य लेदोलाई सुरक्षित रुपमा यवस्थापन सुनिश्चित गर्नका लागि आधारभूत वा मानक संचालन कार्यविधि (Standard Operative Procedures-SOPs) अवलम्बन गर्नु पर्नेछ ।

(५) नगरपालिकाले पिट र सेप्टिक टयाङ्की जस्ता संकलन टयांकीबाट दिसाजन्य लेदो खाली गर्न, सङ्कलन वा ढुवानी गरेवापत सेवाग्राहिले तिर्नुपर्ने सेवा शुल्क निर्धारण गर्न सक्ने छ।

(९) नगरपालिकाले उपदफा (५) बमोजिम निर्धारण गरेको सेवा शुल्क प्रत्येक सेवा ग्राहिले अनुमति प्राप्त सेव प्रदायकलाई बुझाउनु पर्नेछ ।

(१०) उपदफा (५) बमोजिम नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क एकल महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया दलित, तथा विपन्न नगरबासीलाई पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

७१. दिसाजन्य लेदोको प्रसोधन केन्द्र स्थापना र सञ्चालन : (१) नगरपालिकाले मानव मलमूत्रीय फोहोरको व्यवस्थापन गर्नका लागि दिसाजन्य लेदोको प्रशोधन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम दिसाजन्य लेदोको प्रसोधन केन्द्र स्थापना र सञ्चालन गर्दा सोको लागि व्यवसायिक योजना समेत बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

नगर प्रमुख

(३) प्रशोधन केन्द्रद्वारा निष्काशित फोहोर पानी सरकारद्वारा निर्धारित फोहोर पानी विसर्जन मापदण्ड भित्र पर्ने गरी प्रशोधन विधि र प्रविधि सुनिश्चित गर्नेछ ।

(४) नगरपालिकाले प्रशोधन केन्द्र संचालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् वजारीकरणको लागि निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी गर्न सक्नेछ ।

(५) नगरपालिकाले उपदफा (१) बमोजिम दिसाजन्य लेदोको प्रशोधन केन्द्र स्थापना र सञ्चालन सम्वन्धि विषयबस्तु तोकिए बमोजिम हुनेछ ।

७२. सामुदायिक सरसफाइ तथा स्वच्छता कायम गर्ने : (१) नगरपालिकाले घरेलु स्तरमा निर्मित चर्पिहरुलाई कमश स्तरउन्नती गरि नेपाल सरकारको प्रावधान बमोजिम पुर्ण सरसफाइ उन्मुख घर तथा समुदायहरु सुनिश्चित गर्नेछ । ।

(२) नगरपालिकाले आफनो क्षेत्र भित्र पुर्ण सरसफाइका लागि नगर सरसफाइ तथा स्वच्छता कार्यक्रम तर्जुमा गरि कार्यन्वयन गर्नेछ ।

(३) नगरपालिकाले विद्यालयस्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण गर्दा बालबालिका, अपाङ्गता र छात्रा मैत्री प्रावधानलाई अनिवार्य गरि नेपाल सरकारको मापदण्ड तथा प्रावधान बमोजिम तिन तारा विद्यालय सुनिश्चित गर्नेछ ।

## परिच्छेद ११

## संस्थागत संरचना र काम कर्तव्य अधिकार

७३. नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति : (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :-

(क) नगरपालिका प्रमुख -अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख -उपाध्यक्ष

(ग) नगरपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने सदस्य र एक जना महिला सदस्य -सदस्य

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि -सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि - सदस्य

(च) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि -सदस्य

(छ) सबै वडा अध्यक्ष र महिला कार्यपालिका सदस्य -सदस्य

(ज) नगरपालिका भित्रका विद्यालय (आधारभुत र माध्यमिक) बाट महिला शिक्षिका २ जना र १ दलित शिक्षक -सदस्य

(झ) महिला स्वास्थय स्वंसेविका मध्धे एक जना - सदस्य

(ञ) वन उपभोक्ता समुहहरुको एक जना प्रतिनिधि -सदस्य

(ट) महिला समुह तथा वाल क्लवको एक एक जना प्रतिनिधि सदस्य

(ठ) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

नगर प्रमुख

(ङ) नगरपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगरपालिका प्रमुखले गर्ने छन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ ।

(४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**७४. नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति काम कर्तव्य अधिकारः** नगरपालिका स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मुलप्रवाहीकरण गर्न पहल गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता र जलउपयोग गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साभेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र जलउपयोग गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(छ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको निर्णय प्रक्यामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा र जलउपयोग गुरुयोजना प्रत्येक तीन वर्षमा अद्यावधिक गर्ने प्रयोजन सहित नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना प्रणाली स्थापना गर्ने,

(ज) नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH MIS) सम्बन्धि डाटाबेस बार्षिक रुपमा नियमित अद्यावधिक गर्ने,

(झ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्युनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ञ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

नगर प्रमुख

**७५, वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) नगरपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षता वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्य र पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछ ।

(३) वडा सचिवले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७६, खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको व्यवस्था :** (१) नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने शाखाको रुपमा काम गर्ने गरी एक खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा रहनेछ ।

(२) नगरकार्यपालिकाको कार्यालयले एकजना अधिकृत स्तरको स्थायी कर्मचारी खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा प्रमुख हुने गरी कम्तिमा एकजना खानेपानी प्राविधिक तथा नगरपालिकाले आवस्यकतानुसार भर्ना गरेका सामाजिक परिचालक कर्मचारी सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता शाखामा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी, अस्थायी कर्मचारीहरु रहनेछन् ।

**७७. खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको भूमिका तथा जिम्मेवारी :** नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी, सरसफाइ तथा स्वच्छता, संस्थागत सरसफाइ लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायक, स्वयंसेवक, वाल क्लव, आमा समूह तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने एन. वास. (NWASH) सम्बन्धी डाटावेस बार्षिक रुपमा नियमित अद्यावधिक गर्ने, तथा आवश्यकता बमोजिम निर्णय प्रक्यामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) नगरपालिकाले पालिका स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी जनचेतना जगाउन र पानीको उत्पादनशिल प्रयोग, बहु उपयोग तथा खपत घटाउनका साथै खानेपानीको स्रोत तथा जलाधार क्षेत्रको संरक्षण र खानेपानी आयोजना (Scheme) को संरक्षणका लागि आवश्यक प्रविधि, उपकरण र व्यवहार प्रवर्द्धनको लागि आवश्यक सामाजिक व्यवहार परिवर्तन कार्ययोजना

नगर प्रमुख

बनाउने र कार्यक्रम सञ्चालनका लागि नगरपालिकालाई आवश्यक सहजिकरण, क्षमता अभिवृद्धि तथा सञ्चालित कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(घ) उपभोक्ता संस्थाहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(ङ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन, पुनर्गठन, नगरकार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(च) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता संस्थाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(छ) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता संस्थालाई कार्य समिति पुनर्गठन, व्यवस्थापन तालिम र अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(ज) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ञ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

(ठ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

७८. एकजल निर्देशक समिति गठन गर्न सक्ने : (१) एकजलको अवधारणालाई अझ बढि प्रभावकारी रुपमा अभिबृद्धी गर्नकालागि आवश्यक नीति, योजना, कार्यक्रम र कृयाकलाप र जलाधार व्यवस्थापन सम्वन्धी आवश्यक अन्य औजार वा विधी तथा अभ्यासहरु विकास र कार्यान्वयन गर्न सम्वन्धित स्थानीय तहलाई परामर्श सरसल्लाह सुझाव दिन, यस्ता योजना, नीती, कार्यक्रम र कृयाकलापको निर्माण तथा कार्यान्वयन गर्न र कर्णाली जलाधारका अन्य स्थानीय तहसंग समन्वय, सहकार्य तथा संयुक्त नीति वा योजना तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिकाले कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समिति गठन गर्न सक्नेछ ।

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समिति गठन गर्न तथा सोको सदस्यका रुपमा नगरपालिकाले विषेश भूमिका र जिम्मेवारी निर्बाह गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिमा देहायका सदस्य रहनेछन :-

(क) नगरपालिकाको प्रमुख सदस्य

(ख) नगरपालिकाको उपप्रमुख सदस्य

(ग). नगर प्रमुखले तोकेको एक जना महिला सदस्य सदस्य

(घ) नगर प्रमुखले तोकेको नगरपालिकाको क्याम्पसका एक जना दलित वा महिला शिक्षक सदस्य

ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत विकास साभेदार मध्ये नगर प्रमुखले तोकोको एउटा विकास साझेदार संस्था सदस्य

(च) खानेपानी तथा सरसफाई उपभोक्ता सस्था मध्येबाट नगर प्रमुखले तोकेको एउटा सस्था सदस्य

(छ) नेपाल सरकार र प्रदेश सरकारको नदी बेसिन स्तरिय कार्यालयका प्रमुख मध्येबाट एकजना र नेपाल सरकार र प्रदेश सरकारका खानेपानी तथा सरसफाइर जलस्रोत व्यवस्थापनको क्षेत्रमा कार्यरत कार्यालयबाट एक जना गरि जम्मा दुई जना पदेन सदस्य

(ज) स्थानीय तहले आपसि समझदारिमा तोकेको गैर सरकारी सस्थाको दुई जना प्रतिनिधि सदस्य (

झ). प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिब

(४) उपदफा (१) बमोजिमको निर्देशक समितिको गठन गर्दा मध्य कर्णाली जलाधार क्षेत्र भित्रका स्थानीय तह मध्येबाट बर्णानुक्रम बमोजिम क्रमिकरुपमा आलोपालो गरी सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षले संयोजकत्व गर्नेछन ।

(५) यस समितिको संयोजकको पदावधी २ बर्षको हुनेछ ।

(६) उपदफा (१) बमोजिम जुन स्थानिय तह संयोजक हुनेछ सोहि स्थानिय तहले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्ने छ।

(७) उपदफा (१) बमोजिम गठन गरिने परिषदको बैठक सम्बन्धी र अन्य व्यवस्था निर्देशक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

७९. निर्देशक समितिको बैठक : (१) निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) निर्देशक समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा सात दिन अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ । तर तत्काल निर्देशक समितिको बैठक बोलाउन आवश्यक भएमा निर्देशक समितिको संयोजकले बहत्तर घण्टा अगाडी निर्देशक समितिको बैठक बोलाउन सक्नेछ र "यसरी बैठक बोलाइएकोमा निर्देशक समितिको सदस्य सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरि पठाउनु पर्नेछ ।

नगर प्रमुख

नगरपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

(३) कुल सदस्य संख्याको वहुमत सदस्य उपस्थितः भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्देशक समितिको बैठकको अध्यक्षता निर्देशक समितिको संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा निर्देशक समितिको उपसंयोजकले गर्नेछ ।

(५) निर्देशक समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा निर्देशक समितिका संयोजकले निर्णायक मत दिनेछ ।

(६) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) निर्देशक समितिको निर्णय निर्देशक समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८०. निर्देशक समितिले आवश्यक समितिहरु गठन गर्न सक्नेः (१) निर्देशक समितिले यस ऐन अर्न्तगत आफ्नो काम कर्तव्यहरु दक्षतापूर्वक सम्पादन गर्न आवश्यक समितिहरु गठन गर्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको नियुत्ति, बैठक तथा अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

८१. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) ताल, तलाङ, पोखरी, नदी, झरना, भुमिगत जल, वर्षपानी र फोहरपानी सबैको आ-आफ्नै महत्व छ भन्ने अवधारणा र संरक्षणको खाँचो उत्तिकै छ भन्ने यथार्तको सम्बर्धन गर्ने ।

(ख) खाद्य सुरक्षा हासिल गर्नको लागि जलस्रोत व्यवस्थापन र खानेपानी तथा सरसफाइको गुणस्तर, मात्रा र समन्यायलाई एकिकृत समग्र (holistic) अवधारणाको सम्बर्धन गर्ने ।

(ग) जलस्रोतको व्यवस्थापन वातावरणीय, आर्थिक तथा सामाजिक पक्ष र आवश्यकताहरु परिपूर्ति गर्नका साथै वहुउपयोग कर्ताका वहुउपयोगहरुलाई फाइदा हुने गरी सुनिश्चित गर्ने ।

(घ) जलाधार र स्थानीय तहको कुनै निश्चित क्षेत्रको प्राकृतिक, भूगर्भ, जलचक्रलाई सम्मान गर्ने जलाधार र उपजलाधार स्तरीय सोच र कार्यक्रमको कार्यान्यन गर्ने ।

(ङ) नगरपालिका र जलाधार भित्रका जलस्रोत, जलाधार र अन्य प्राकृतिक स्रोतहरुको व्यवस्थापनका लागि जलाधार स्तरीय जलाधार व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन तथा प्रत्येक ५ बर्षमा समिक्षा तथा अद्यावधिक गर्ने ।

(च) जलाधार भित्र अवस्थित स्थानीय तहका विकास योजनाहरुमा जलाधार व्यवस्थापन योजनाका उदेश्यहरु एकिकृत गर्न तथा सम्बर्धन गर्न विशेष भूमिका निर्वाह गर्ने ।

(छ) जलाधार व्यवस्थापन योजनाको तर्जुमा तथा कार्यान्वयनमा र जलस्रोत व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विभिन्न आयामहरु एकिकृत गर्ने ।

(ज) जलस्रोत र जलाधारको योजना निर्माण र व्यवस्थापनमा महिला, दलित र विपन्न सरोकारवालाको आवांजलाई प्राथमिकता दिने र कार्यान्वनमा संलग्न गराउने ।

(झ) जलस्रोत र जलाधार सम्बन्धि निर्णयहरु प्रमाणमा आधारित भएर जलाधार स्तरमा लिने र त्यसरी निर्णय लिंदा स्थानीय, प्रादेशिक र राष्ट्रीय उदेश्यहरुका उपलब्धिसंग नबाभझिने गरी लिर्ने ।

(ञ) जलाधार व्यवस्थापन योजना, उपजलाधार व्यवस्थापन योजना वा एकीकृत जलस्रोत व्यवस्थापन योजना समेत प्रमाणमा आधारित हुन भन्ने सुनिश्चित गर्नका लागि जलको गुणस्तर, मात्रा (परिमाण) तथा उपलब्धता लगायत जलाधारको स्वास्थ्य (Health) को अनुगमन गर्ने ।

(ट) संघिय वा प्रादेशिक जलस्रोत, जलाधार व्यवस्थापन र नदी वेसिन योजनाको जलाधार स्तरमा कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ठ) उपयुक्त स्थानमा पारिस्थितिकिय सेवा वापतको भुक्तानी सम्बन्धि नीति तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्ने ।

(ड) जलस्रोत, खानेपानी, फोहरपानी, बर्षाको पानीको एकीकृत रुपमा व्यवस्थापनका लागि एउटै निति तर्जुमा तथा कार्यान्वयन गर्ने ।

(ढ) जलाधारभित्र जलस्रोतको एकिकृत व्यवस्थापन सम्बन्धमा कुनै निकाय, प्राकृतिक स्रोत व्यवस्थापन समुह वा स्थानिय तहका वीचमा विवाद भएमा सोको निराकरण वा निरुपण गर्ने ।

(ण) निर्देशक समितिले तोकेको अन्य काम कारवाही गर्ने ।

## परिच्छेद- १२
## जरिवाना तथा क्षतिपुर्ति

८२. जरिवाना : (१) कसैले देहायको कार्य गरे वा गराएमा प्रमुख प्रशासकिय अधिकृतले देहाय बमोजिमको दण्ड जरिवाना गर्नेछ :-

(क) पानीको स्रोतमा तोडफोड, अन्य क्षति वा पानी प्रदुषण हुने जस्ता कृयाकलाप गरेमा सोको विगो भराई पहिलो पटक भए एक हजार रुपैया, दोस्रो पटक सोही कसूर गरेमा दुई हजार रुपैया, तेस्रो पटक सोही कसूर गरेमा चार हजार रुपैया र सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ र मुहानमा दिसाजन्य फोहर गरे गराएमा त्यसको दोब्बर जरिवाना हुनेछ ।

(ख) खानेपानीको पाईप काटेमा र पाईप लाइनमा अन्य क्षति पुग्याएमा सोको क्षतिपुर्ति भराईपहिलो पटक भए एक हजार रुपैया, दोस्रो पटक सोही कसूर गरेमा दुई हजार रुपैया र तेस्रो वा सोभन्दा वढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ ।

(ग) खानेपानीका संरचनाहरु ईन्टेक, रिजरभायर, धारा, अन्य टैंकी तथा संरचना तोडफोड वा क्षति पुग्याएमा सोको विगो र क्षतिपुर्ति भराई पहिलो पटक भए दुई हजार रुपैया, दोस्रो पटक सोही कसूर

गरेमा रु तीन हजार र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक दोब्बर जरिवाना हुनेछ ।

(घ) खानेपानीको मिटरमा मिलान गरेमा मिटरको क्षतिपुर्ति भराई पहिलो पटक भए रु १,५००/(एक हजार पांच सय ) दोस्रो पटक सोही कसूर गरेमा" दुई हजार रुपैया र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटक तीन हजार रुपैया जरिवाना हुनेछ ।

(ङ) खानेपानीका मोटर, सोलार प्यानल तथा अन्य बिद्युतिय सामग्रिहरुमा क्षति पुन्याएमा सोको विगो र क्षति पुर्ति भराई कसूरको प्रकृति हेरि मोटर, सोलार प्यानल वा अन्य बिद्युतिय सामग्रिहरुको खरिद मुल्यको ५०% रकम जरिवाना हुनेछ ।

(च) उपभोक्ता संस्थाका पदाधिकारि र सदस्यले योजनाको कुनै पनि आर्थिक हानि नोक्सानी वा यस ऐन वा विधान विपरित कार्य गरेमा निजलाई पहिलो पटक भए क्षतिपुर्ति भराई बिगो बमोजिमको जरिवाना हुनेछ र दोस्रो पटक सोही कसूर गरेमा निजलाई बर्खास्त गरि क्षतिपुर्ति भराई विगो बमोजिमको जरिवाना हुनेछ ।

(छ) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गरेमा पहिलो पटक भए एक हजार देखी चार हजार रुपैयांसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा चार हजार रुपैयादेखि आठहजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमेमा प्रत्येक पटकको लागि बाह्र हजार रुपैयाका दरले जरिवाना गरी फोहरमैला उठाउदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्नु पर्नेछ ।

(ज) फोहरमैला सङ्कलन केन्द्रम्मा राखिएको कण्टेनर तोडफोड गरेमा, क्षति पुर्‍याएमा, राखिएको स्थानबाट हटाएमा, वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याएमा पहिलो पटक भए तिन हजार देखी पाच हजार रुपैयांसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाच हजार रुपैयादेखि दश हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा पन्ध्र हजार रुपैयादेखि तिस हजार रुपैयासम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्नेछ ।

(झ) नगरपालिकाबाट अनुमति नलिई ब्यावसायिक वा ब्यापारिकरुपमा फोहरमैला व्यवस्थापनको कार्य वा ब्यावसाय गरेमा दस हजार रुपैयादेखि पचास हजार रुपैयासम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक हुनेछ ।

(ञ) फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गरेमा पहिलो पटक भए दस हजार रुपैयादेखि पच्चिस हजार रुपैयासम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पच्चिस हजार रुपैयादेखि पचास हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो पटक गरेमा पछहत्तर हजार रुपैया जरिवाना बाना गरी अनुमतिपत्र खारेज वा रद्द गरीनेछ ।

बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल

(ट) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउमा कुनै पनि किसिमको हानिकारक पदार्थ फालेमा, राखेमा वा थुपारेमा पहिलो पटक भए तिन हजार रुपैयादेखि पाध हजार रुपैयासम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाच हजार रुपैयादेखि दस हजार रुपैयासम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा दस हजार रुपैयादेखि पच्चिस हजार रुपैयासम्म जरिवाना गरी त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत क्सूरदारवाट असूल उपर गरीनेछ ।

(ठ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राखेमा, फालेमा वा थुपारेमा पहिलो पटक भए दुइ हजार रुपैयादेखि चार हजार रुपैयासम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा चार हजार रुपैयादेखि आठ हजार रुपैयासम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा आठ हजार रुपैयादेखि सोह्र हजार रुपैयासम्म जरिवाना हुनेछ ।

(ड) नगरपालिकाले तोकेको ठाउमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहेहरमैला राखेमा, फालेमा, थुपारेमा वा निष्काशन गरेमा पहिलो पटक भए पाच हजार रुपैयादेखि दस हजार रुपैयासम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा दस हजार रुपैयादेखि पन्ध हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा पन्ध्र हजार रुपैयादेखि तिस हजार रुपैयासम्म जरिवाना हुनेछ ।

(ढ) रासार्यानक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला मैल वा हानिकारक फोहरमैला जथाभावी फालेमा, राखेमा, थुपारेमा वा निष्काशन गरेमा पहिलो पटक भए दस हजार. रुपैयादेखि बिस हजार रुपैयासम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा बिस हजार -रुपैयादेखि चालिस हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो पटक गरेमा चालिस-हजार रुपैयादेखि असर्सी हजार रुपैयासम्म जरिबाना हुनेछ र सोही कसूर पुनः गरेमा अनुमतिपत्र खारेज वा रद गरीनेछ ।

(ण) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला ला जथाभावी फालेमा, राखेमा, वा निष्काशन गरेमा पहिलो पटक भए दस हजार रुपैयादेखि बिस हजार रुपैयासम्म जरिवाना, ) दोस्रो पटक सोही कसूर गरेमा विस हजार रुपैयादेखि चालिम हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो पटक गरेमा चालिस हजार रुपैयादेखि असर्सी हजार रुपैयासम्म जरिबाना हुनेछ र सोही कसूर पुनः गरेमा प्रचलित कानून बमोजिम अनुर्मात रद गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(त) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला दि मिसाएर निष्काशन गरेमा पहिलो पटक भए तिन सय रुपैया जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा छ सय रुपैया जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटक बाह्र सय रुपैया जरिवाना हुनेछ ।

(थ) कसैले पनि अनधिकृत रुपमा खानेपानीको स्रोत, मूल वा मुहान, जरहि नाला वा जुडपानी, नदी, खोला, ताल र बस्ति जस्ता निषेधित क्षेत्रमा मानव मलमुत्रीय फोहोर विसजर्न गरेमा पहिलो पटक भए पाँच हजाररुपैया, दोस्रो पटक सोही कसूर गरेमा रु दश हजार रुपैया, तेस्रो पटक सोही कसूर गरेमा

बीस हजार रुपैया र सोभन्दा बढीपटक सोही कसूर गरेमा तीस हजार रुपैया जरिवानाका अतिरिक्त नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा तथा सिफारिस समेत बाट बचत गरिनेछ ।

८३. अनुसन्धान अधिकृत तोक्ने : यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न नगरपालिकाले कानुन अधिकृत वा कानुन अधिकृत नभएमा वा कम्तीमा छैठौ तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

८४. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी : १) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

८५.प्रचलित कानून बमोजिम सजाय हुनेः यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुग्याएको मानिने छैन ।

८६. पुनरावेवन दिन सकिने : दफा २९ बमोजिम नगरपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा २ बमोजिम कार्यपालिकाले गरेको जरिवानाको आदेश उपर चित्त नबुझने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ

## परिच्छेद- १३
## विविध

८७. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन : १.नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी योजना र जलउपयोग गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) नगरपालिकाले तर्जुमा गरेको खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी योजना र जलउपयोग गुरुयोजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नु पर्नेछ ।

(३) खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्नु पर्नेछ ।

(४) प्रकोप तथा आपंतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनामा विशेष व्यवस्था गर्नु पर्नेछ ।

८८.पारिस्थितिकिय सेवा वापतको भुक्तानी सम्बन्धि व्यवस्था गर्न सक्ने : (१) नगरपालिकाले

नगर प्रमुख

पारिस्थितिकिय सेवा वापतको भुत्तानी सम्बन्धि नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिस्थितिकिय सेवा वापतको भुत्तानी सम्वन्धि नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८९.विवरण उपलब्ध गराउने : (१) नगरपालिकाले प्रदेशको सम्वन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउनेछ:

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल "सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

(३) नगरपालिकाले उपदफा (२) वमोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सक्नेछ ।

९०.पुरस्कार सम्बन्धी व्यवस्था : खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

९१.निर्देशन बिन सक्ने : नगरपालिकाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ र स्वच्छतासम्वन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९२.अधिकार प्रत्यायोजन : (१) नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्वन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

(२) नगरपालिकामा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी शाखा स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण सम्बन्धी शाखाबाट सम्पन्न गर्न सकिनेछ ।

९३. नियम बनाउन सक्ने : नगरपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

नगर प्रमुख

**९४. निर्देशिका, कार्यविधि र मार्गवर्शन बनाउन सक्ने :** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

**९५. बचाउ :** (१) यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।


भानुभक्त नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
...नगर, ... प्रदेश, नेपाल

CamScanner

## अनुसूची-१

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

### खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ताको लागि दिईने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बारबर्दिया नगर कार्यपालिकाको कार्यालय,
जयनगर, बर्दिया

बिषयः खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गरिदिने बारे।

बारबर्दिया नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता ऐन २०८० को ब्यवस्था बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको गठन गरी उक्त उपभोक्ता संस्था दर्ता गरी पाँउन उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णयको एक प्रति सहित सोको बिधान संलग्न गरी पेश गरेका छौ । उपभोक्ता संस्था दर्ता गरी आवस्यक प्राबिधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक

.......................खानेपानी तथा सरसफाई उपभोक्ता सँस्थाको तर्फबाट

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

मितिः.....................

अनुसूची-२

(दफा १५ को उपदफा (६) सँग सम्बन्धित)

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ताको प्रमाण पत्रको नमुना

बारबर्दिया नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

## उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र

दर्ता न. मितिः-

श्री ................ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

....................................

यस कार्यपालिकाको मिति............को निर्णय अनुसार बारबर्दिया नगर खानेपानी सरसफाई तथा स्वच्छता ऐन २०८० ले दिएको अधिकार प्रयोग गरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई दर्ता गरी सहज र दिगो रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउन सफलता मिलोस भन्ने सुभकामनाका साथ यो प्रमाण पत्र दिएको छ।

पालना गर्नुपर्ने विशेष शर्तहरुः

१.

२.

३.

................खानेपानी तथा सरसफाई उपभोत्ता संस्था

खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको सेवा क्षेत्र

खानेपानीको श्रोत वा मुहानको नामः

घरधुरीको संख्याः

कुल जनसंख्याः-

प्रमाणपत्र दिने अधिकृतको

नामः

पदः

दस्तखतः

मितिः

द्रष्टब्यः यो प्रमाणपत्र हराएमा ,च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन तिनसय रुपैया दस्तुर लाग्ने छ।

आज्ञाले

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत